राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प.सं.
च. नं.

प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० जेठ १९ गते

# आयोगले पचहत्तरै जिल्लामा कार्यालय खोल्ने

जनस्तरमा मानव अधिकारको सचेतना बढाउने, मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने एवम् मानव अधिकार हननको सवालमा नागरिकको पहुँच बढाउने उद्देश्यले राष्ट्रिय मानव अधिकार आयोगले देशको पचहत्तरै जिल्लामा सम्पर्क कार्यालय खोल्नेबारे अवधारणापत्र अघि सारेको छ ।

देशभरका सबै जिल्लामा क्रमिक रूपमा सम्पर्क कार्यालय खोल्ने सम्बन्धमा अवधारणापत्रसहित आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आजै पत्राचार गरेको छ ।

पचहत्तरै जिल्लामा आफ्नो कार्यालय खोल्दै जाने सम्बन्धमा आयोगले २०६९ फागुन २८ गते नीतिगत निर्णय लिएको थियो ।

केन्द्रीय, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालय गरी अहिले नौवटा जिल्लामा आयोगका कार्यालय रहेका छन् । विराटनगर, जनकपुर, पोखरा, नेपालगञ्ज र धनगढीमा आयोगका क्षेत्रीय कार्यालय छन् भने बुटवल, जुम्ला र खोटाङमा उपक्षेत्रीय कार्यालय छन् ।

देशको सबै जिल्लामा सम्पर्क कार्यालय खोल्ने कार्यले नेपाल सरकारले लागू गरेको मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको भावना र अन्य स्थानीयस्तरमा मानव अधिकार हननको सवाललाई तत्काल सम्बोधन गर्न सहयोग मिल्ने आयोगले विश्वास गरेको छ ।

वेदप्रसाद भट्टराई
कामु सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org